# सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना सम्बन्धी कार्यविधि २०७५

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**कृषि विकास निर्देशनालय**

गण्डकी प्रदेश

मालेपाटन, पोखरा

# सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना सम्बन्धी कार्यविधि २०७५

**प्रस्तावना**

गण्डकी प्रदेश सुन्तलाजात फलफूलको व्यवसायिक खेतीका लागि निकै उपयुक्त मानिन्छ । यस प्रदेश अन्तरगतका जिल्लाहरूमा व्यवसायिक रूपमा सुन्तलाजात फलफूलको खेती हुँदै आइरहेको छ । परम्परागत किसिमले बगैंचा व्यवस्थापन गर्दा अपेक्षित रूपमा उत्पादन र उत्पादकत्व वृद्धि गराउन सकिएको छैन। तसर्थ, सुन्तलाजात फलफूलको उत्पादन र उत्पादकत्व वृद्धिमा सुधार ल्याउन उच्च घनत्त्व प्रविधि र उपयुक्त जातका गुणस्तरीय बिरुवा प्रयोग गरी आधुनिक बगैंचा व्यवस्थापनका विधिहरू अवलम्बन गरी सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा बिस्तार गर्न आवश्यक देखिएकोले आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम **"सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना सम्बन्धी कार्यविधि २०७५"** रहेको छ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २. कार्यविधि लागू हुने क्षेत्र

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ।

### ३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) **"उद्यमी"** भन्नाले यस कार्यविधि अनुरूप सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्नका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने कृषक वा

कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक संस्था वा गैर-सरकारी संस्था वा निजी कम्पनी सम्झनुपर्दछ।

ख) **"प्रस्ताव"** भन्नाले उद्यमीले सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैँचा स्थापना गर्न आवश्यक पर्ने नगद, वस्तुगत वा दुवै अनुदान पाउन पेश गरेको आवेदन को विवरण सम्झनुपर्दछ।

ग) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुरूप सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैँचा स्थापना गर्न आवश्यक पर्ने सहयोग पुर्याउन उपलब्ध गराइने नगद, वस्तुगत वा दुवै अनुदान रकम सम्झनुपर्दछ।

घ) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेश अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ।

ङ) **"निर्देशनालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

च) **"केन्द्र"** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ ।

छ) **"गैर सरकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन अनुरूप सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

ज) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन २०७४ तथा नियमावली बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा सङ्घ सम्झनुपर्दछ ।

झ) **"निजी कम्पनी"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालय दर्ता भएको कम्पनी भन्ने बुझ्नुपर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ ।

ञ) **"कृषक समूह"** भन्नाले तत्कालीन जिल्ला कृषि विकास कार्यालय वा कृषि ज्ञान केन्द वा स्थानीय निकायमा दर्ता भई कृषि उत्पादन, सङ्कलन, विक्री वितरण कार्यमा संलग्न भएका कम्तीमा १० जना कृषकहरूको समूहलाई सम्झनुपर्दछ ।

ट) "**रोगमुक्त बिरुवा**" भन्नाले गिनिङ्ग र ट्रिस्टीजा रोगबाट मुक्त भएको रुटस्टक, सायन र कलमी बिरुवा वा बिजु बिरुवा सबैलाई जनाउँदछ ।

ठ) "**उच्च घनत्त्व बगैंचा**" भन्नाले उच्च उत्पादकत्व सहित गुणस्तरीय सुन्तलाजात फलफूल उत्पादनको उद्देश्यले प्रति एकाइ जमिनमा साविकभन्दा बढी सङ्ख्या (३ मिटर × ३

मिटरको दुरी) मा उपयुक्त जातका बिरुवाहरू लगाइ वैज्ञानिक तवरले स्थापना तथा व्यवस्थापन गरिएको सुन्तलाजात फलफूल बगैँचालाई बुझाउँदछ ।

ड) **"बडउड सर्टिफिकेसन"** भन्नाले कलमी गर्न आवश्यक माउबोट, सायनलाई रोगमुक्त तरिकाले संरक्षण गर्ने विधि सम्झनुपर्दछ । विशेष गरी सुन्तलाजात फलफूलको स्वास्थ बिरुवा हुर्काउनका लागि सरकारी फार्महरूको सहयोगमा निजी नर्सरिकर्तालाई सहयोग उपलब्ध गराइने ।

ढ) **"कृषक"** भन्नाले सुन्तलाजात फलफूल खेती गरिरहेको व्यक्ति सम्झनुपर्दछ ।

ण) **"प्रमुख"** भन्नाले कृषि ज्ञान केन्द्र वा कृषि विकास निर्देशनालयका प्रमुखलाई सम्झनुपर्दछ।

### ४. कार्यक्रमको उद्देश्य

क) सुन्तलाजातमा उच्च घनत्त्व प्रविधिको प्रयोग र बिस्तार गरी उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्ने।

ख) उत्पादित सुन्तलाजात फलफूलको गुणस्तर एवम् परिमाणमा सुधार ल्याई आयात प्रतिस्थापन, खाद्य सुरक्षा तथा पोषण सुधारमा टेवा पुर्याउने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन विधि

### ५. सूचना प्रकाशन तथा प्रस्ताव आह्वान

क) यस कार्यविधि अनुसार सम्भाव्य र आवश्यक पर्ने जिल्ला तथा क्षेत्रहरूमा यस कार्यविधिको दफा ८ मा व्यवस्था भए बमोजिम योग्यता पुगेका कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक संस्था, गैरसरकारी संस्था, निजी कम्पनीहरूबाट राष्ट्रिय दैनिक पत्रिका मार्फत कम्तीमा ३० दिनको म्याद दिई प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिनेछ । प्रकशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइट पनि राख्ने व्यवस्था गर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनेछ ।

ख) उप-दफा 'क' बमोजिम सूचना प्रकाशन भए अनुरूप उद्यमीले यस कार्यविधिमा उल्लेख भए बमोजिमका सबै कागजातहरू संलग्न गरी अनुसूची २ बमोजिमको आवेदन प्रस्ताव पेश गर्नु-पर्नेछ।

## ६. अनुदान उपलब्ध गराउने आधारहरू

क) प्रस्ताव पेश गर्ने निवेदक वा उद्यमीले बगैंचा स्थापना गर्न आवश्यक पर्ने बिरुवाको लागि बडउड प्रविधि अपनाइ उत्पादन गरिएका बिरुवाको उपलब्धता सुनिश्चित गर्न नर्सरीसँग बिरुवा खरिदको सम्झौता गरेको हुनुपर्नेछ ।

ख) बगैंचा स्थापना गर्ने स्थानमा बाटो, बिजुली, पानी आदि पूर्वाधारको सुविधा भएको वा व्यवस्था गर्न सम्भव भएको हुनुपर्नेछ ।

ग) बगैंचा स्थापना तथा बिस्तार गर्ने स्थानको भौगोलिक अवस्थिति र हावापानी उपयुक्त हुनुपर्नेछ, साथै सुन्तलाजात फलफूलमा ह्रास रोगको प्रकोप हुनसक्ने सम्भावना नभएको हुनुपर्नेछ ।

## ८. आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूप सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्नका लागि अनुदान प्राप्त गर्न देहायका योग्यता पुगेका सबै उद्यमीहरूले अनुसूची २ अनुसार निवेदन दिन सक्नेछन् ।

क) आवेदक उद्यमी कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएका, संस्था दर्ता भएको, साधारण सभा गरेर वार्षिक लेखा परीक्षण गरेको, संस्था कालो सूचीमा नपरेको साथै सरकारी कर चुक्ता गरेको हुनु पर्नेछ ।

ख) उच्च घनत्त्व बगैंचा स्थापना गर्नका लागि कम्तीमा २ हेक्टर क्षेत्रफलको क्लष्टर हुनुपर्नेछ र उक्त क्लष्टरमा बाटो, बिजुली, पानी आदिको सुविधा भएको हुनुपर्नेछ ।

ग) उच्च घनत्त्व बगैंचा स्थापना कार्यमा संलग्न हुने उद्यमीको आफ्नै नाममा जग्गा हुनुपर्नेछ वा कम्तीमा १५ वर्षका लागि भाडामा लिएको हुनुपर्नेछ ।

घ) व्यवसायिक सुन्तलाजात फलफूल खेती प्रवर्धन तथा बिस्तारको सम्भावना भएको हुनु पर्नेछ।

ङ) लगानीको स्रोतको आधारको सुनिश्चिता भएको हुनुपर्नेछ ।

च) सम्बन्धित फर्म/कम्पनी/संस्थाको स्पष्ट व्यवसायिक योजना भएको हुनुपर्नेछ ।

## ९. अनुदान प्रदान गर्न छनौट तथा मूल्याङ्कन समितिको व्यवस्था

यस कार्यविधिको दफा ५ बमोजिम प्रकाशित सूचना अनुसार पेश भएका दरखास्तहरूलाई छनौट तथा मूल्याङ्कन गर्नका लागि तपसिल बमोजिमको छनौट तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

**क**) कृषि प्रसार अधिकृत, कृषि ज्ञान केन्द्र - संयोजक
**ख**) बाली संरक्षण अधिकृत, कृषि ज्ञान केन्द्र - सदस्य
**ग**) बागवानी विकास अधिकृत, कृषि ज्ञान केन्द्र -सदस्य सचिव

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए-बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

## १०. छनौट तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

क) सम्बन्धित कृषक वा उद्यमीबाट पेश भएका प्रस्ताव र सोसँग सम्बन्धी कागजातहरूको मूल्याङ्कन र चेकजाँच गर्ने, उच्च घनत्त्व बगैंचा स्थापना हुने स्थानको अनुगमन गरी उपयुक्त देखिएका प्रस्तावलाई छनौटका लागि सिफारिस गर्ने ।

ख) मूल्याङ्कन तथा छनौट समितिको सिफारिसका आधारमा केन्द्र प्रमुखले प्रस्ताव स्वीकृत गर्नेछन् ।

ग) बगैंचा स्थापना कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

घ) स्थापना भएको उच्च घनत्त्व बगैंचाको लागि अनुदान निकासा गर्न सिफारिस गर्ने ।

ङ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारवाहीका लागि सिफारिस गर्ने ।

च) छनौट तथा मूल्याङ्कन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## ११. प्रस्ताव मूल्याङ्कन, छनौट र सम्झौता

क) उद्यमीहरूबाट यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरू छनौट तथा मूल्याङ्कन समितिले खाम बन्दी प्रस्तावहरू खोली मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउनेछ ।

ख) प्रारम्भिक मूल्याङ्कनको लागि समितिबाट पेश भएका प्रस्तावहरूले आवश्यक न्यूनतम आधारहरू पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ गरिनेछ । न्यूनतम आधारहरू पूरा नगरेका प्रस्तावहरूलाई समितिले मूल्याङ्कनको लागि अगाडि बढाउने छैन।

ग) आवश्यक न्यूनतम योग्यता पूरा गरी प्रारम्भिक स्क्रिनिङबाट सफल भएका प्रस्तावहरूलाई समितिबाट यस कार्यविधिको अनुसूची ४ बमोजिमका मूल्याङ्कनका आधारहरूमा जाँच गरी अङ्क प्रदान गरिनेछ । प्राप्त प्रस्तावहरू मध्ये सबैभन्दा बढी

अङ्क प्राप्त गर्ने प्रस्तावहरूलाई उपलब्ध वा स्वीकृत बजेटको आधारमा अनुदान प्रदान गर्न छनौट गरी समितिका अध्यक्ष समक्ष सम्झौताको लागि सिफारिस गर्नेछ ।

घ) समितिले आवश्यक ठानेमा पेश भएका प्रस्ताव र कार्ययोजना अनुसार भए/नभएको सम्बन्धमा फिल्ड अनुगमन समेत गर्न सक्नेछ । अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झूठो ठहरिए वा प्राविधिक दृष्टिकोणले अनुपयुक्त भएमा वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको ठहर भएमा सो प्रस्ताव रद्द गरी अन्य बाँकी प्रस्तावहरूको मूल्याङ्कन कार्य अगाडि बढाइनेछ ।

ङ) सम्बन्धित केन्द्र र छनौट हुन सफल उद्यमीबीच यस कार्यविधिको अधीनमा रही अनुसूची ६ बमोजिम कार्यक्रम सञ्चालनको लागि सम्झौता गरिनेछ ।

## परिच्छेद ३

## अनुदान रकम स्वीकृति र सम्झौता

क) सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्ने कार्यका लागि सम्झौता बमोजिम केन्द्रबाट अनुदानको रकम वा उत्पादन सामग्री उपलब्ध गराइनेछ । अनुदान स्वीकृत कार्यक्रम तथा बजेटको सिमाभित्र रही प्रदान गरिनेछ । तथापि एउटा प्रस्तावको लागि बढीमा २५ लाखसम्म उपलब्ध गराउन सकिनेछ । अनुदान सहयोग प्रति-हेक्टर बढीमा रु २ लाख हुनेछ ।

ख) दफा (क) मा उल्लेख गरिए बमोजिम सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्ने कार्य सञ्चालनका लागि कुल प्रस्तावमा पेश भएको ईष्टिमेटको अधिकतम ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ ।

ग) यस कार्यविधि बमोजिम सम्झौता भएका आयोजनाहरूलाई आयोजना सम्झौता भएको वर्षदेखि पाँच वर्षसम्म अनुदानको व्यवस्था गरिनेछ । दोस्रो वर्षदेखि सम्बन्धित केन्द्रका प्राविधिकको निरीक्षण प्रतिवेदनका आधारमा उद्यमीले स्वस्थ रूपमा हुर्काएको प्रति बोट बापत रु. १००/- का दरले अनुदान रकम उपलब्ध गराइनेछ । तर विभिन्न कारणले आवश्यक बजेट विनियोजन गर्न नसकेमा उद्यमी स्वयंले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यस्तो अवस्थामा उद्यमीहरूलाई सम्बन्धित केन्द्रहरूबाट सम्भव भएसम्म प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

घ) निवेदक संस्थाले आफूले व्यहोर्ने वा लगानी गर्ने रकमको प्रतिबद्धता (बैङ्क ग्यारेन्टी) पत्र पेश भएपछि मात्र अनुदान उपलब्ध गराइनेछ ।

ङ) अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा खर्च गरिनेछ।

## परिच्छेद ४

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १२. अनुदान प्रवाह विधि

क) आवेदकले अनुदान रकमको किस्ता प्राप्त गर्न स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्दा भएको खर्चको बिल, भर्पाइ र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । किस्ता भुक्तानी गर्दा छनौट तथा मूल्याङ्कन समितिको मूल्याङ्कन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिसको आधारमा एकाउन्ट पेयी चेकबाट बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम वा उत्पादन सामग्री उपलब्ध गराइनेछ ।

ख) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित निर्देशनालय, केन्द्रले राख्नुपर्नेछ र सोको प्रगति विवरण माथिल्लो निकायमा पठाउनुपर्नेछ ।

### १३. उद्यमीले पालना गर्नुपर्ने सर्तहरू

क) प्रस्तावक वा उद्यमीले यस कार्यविधि अनुसार सञ्चालन हुने वा भएको कामको विस्तृत विवरण, कुल लागत, सहयोग उपलब्ध गराउने संस्था, काम सम्पन्न हुने अवधि इत्यादिको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रमको सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ । सार्वजनिक सुनुवाइमा आफूले प्राप्त गरेको रकमको विवरण, सञ्चालन गरिएका कार्यक्रमको विवरण र प्राप्त भएको प्रगति तथा उपलब्धिहरूको जानकारी गराउनुपर्नेछ ।

ग) अनुदान प्राप्त गर्ने उद्यमीले बगैंचा स्थापना गर्ने कार्य गरेपश्चात तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराइ विल भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

घ) कार्यक्रम सञ्चालन गर्ने उद्यमीले सम्बन्धित केन्द्रले दिएको निर्देशन वा सुझाव मान्नुपर्नेछ ।

ङ) सम्बन्धित केन्द्रले चाहेमा क्रियाकलाप सञ्चालन तथा सो गर्ने क्रममा भएको खर्चको हिसाब किताब हेर्न सक्नेछ । कार्य प्रगति तथा खर्चको हिसाब देखाउने सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ ।

## परिच्छेद ५
## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

**१४. अनुगमन तथा मूल्याङ्कन**

क) अनुदान प्राप्त सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय र सम्बन्धित केन्द्रहरूले संयुक्त वा आवश्यकता अनुसार छुट्टा-छुट्टै पनि गर्न सक्नेछन् ।

ख) दफा (क) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ।

ग) दफा (क) बमोजिम दिएको निर्देशनको पालना गर्नु उद्यमीको कर्तव्य रहनेछ ।

## परिच्छेद ६
## विवध

**१५ अनुदान रकमको दुरूपयोग सम्बन्धमा**

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनोट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

**१६. बाधा अड्चन निरूपण**

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

**१७. संशोधन तथा परिमार्जन**

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१८. प्रचलित कानुन बमोजिम हुने**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापनाका लागि प्रस्ताव आह्वान सूचना

**सूचना ।। सूचना ।। सूचना ।।**

यस ......को आ.व ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापनाका लागि अनुदान सहयोगको कार्यक्रम रहेको हुँदा इच्छुक दिने कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक संस्था वा गैर-सरकारी संस्था वा निजी कम्पनीहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचामा (अनुसूची २) अनुसारको कागजातहरू संलग्न राखी आवेदन आह्वान गरिन्छ । प्रस्ताव बुझाउनका लागि थप जानकारीका लागि .................. सम्पर्क राख्नु हुन अनुरोध छ ।

## अनुसूची २

## सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापनाका लागि अनुदान सहयोग मागका लागि आवेदन फाराम

श्रीमान् ..............................

.................................

मेरो/हाम्रो ........................ दिने कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक संस्था, गैरसरकारी संस्था, निजी कम्पनीबाट .................. जिल्ला, ........................ म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वडा नं .................. अन्तर्गत ................स्थानमा सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्ने लक्ष्य रहेकोले सोका लागि कुल लागत अनुमान रु................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु........................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

<u>संलग्न कागजातहरू</u>

१) रु. १० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।

२) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

३) सङ्घ/संस्था दर्ता तथा नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाणको प्रतिलिपि, कर चुक्ता गरेको पत्रको प्रतिलिपि ।

४) म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रूपमा उपयुक्त रहेको व्यहोराको सिफारिस-पत्र ।

५) प्रस्तावित कार्यक्रम सञ्चालन गरिने स्थानको कम्तीमा ५ हेक्टर क्षेत्रफल बराबर जग्गाको कृषकको नामावली सहित क्षेत्रफल खुलेको विवरण र लालपुर्जाको प्रतिलिपि साथै फर्म/संस्था/कम्पनीले जग्गा भाडामा लिएर कार्यक्रम सञ्चालन गर्न चाहेको खण्डमा कम्तीमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता र सो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६) निजी, फर्म/संस्था/कम्पनीले व्यहोर्नुपर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैङ्क स्टेटमेन्ट) र लगानीको स्रोतको आधार ।

७) सडक विजुली र पानीको स्रोतको आधिकारिक प्रमाण पुष्टि हुने कागजात ।

८) कार्ययोजनाको विवरण (अनुसूची ३ बमोजिमको) ।

९) फर्म/संस्था/कम्पनीले सम्बन्धित काम गरेको आधिकारिक पत्र ।

१०) बगैंचा स्थापना गर्न आवश्यक पर्ने बिरुवाको लागि बडउड प्रविधि अपनाइ उत्पादन गरिएका बिरुवाको उपलब्धता सुनिश्चिताको आधार (नर्सरीहरूसँग बिरुवा खरिदको सम्झौता गरेको सम्झौता-पत्र) ।

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडि बढाइने छैन ।)*

निवेदक

संस्थाको छाप

## अनुसूची-३

## सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्ने कार्यको प्रस्तावको ढाँचा

**१ आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैंर-सरकारी संस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी**

**३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने ।**

**४. यसभन्दा अघि सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्ने कार्यको भएको भए सोको विवरण उललेख गर्ने ।**

| क्र. सं. | कार्यक्रम विवरण | कार्यक्रमले ओगटेको क्षेत्रफल वा सङ्ख्या | वार्षिक उत्पादन | वार्षिक आम्दानी (रु.) | रोजगारी सिर्जना (सङ्ख्या) |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**५. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व**

**६. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि**

उत्पादन क्षेत्रफल

वार्षिक उत्पादन

वार्षिक आम्दानी रु

सिर्जना हुने रोजगारी सङ्ख्या

**७. सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्ने कार्य अन्तरगत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरू**

| **क्र.सं** | **क्रियाकलाप विवरण** | **एकाइ** | **परिणाम** | समापन गर्ने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**८. कार्यक्रम सञ्चालन अवधिः**

**९. खर्च विवरणः**

**क. स्थिर खर्चको विवरणः**

कृषि यन्त्र उपकरणहरू, सिँचाइको व्यवस्था, जग्गा खरिद आदि जस्तामा हुने खर्च समावेश गर्ने ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)**

बिरुवा, मल, विषादी, प्लाष्टिक आदिमा हुने खर्च ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.)** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.)** |
|---|---|---|---|---|---|
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**१०. प्रस्तावित कार्यक्रमको लागत विवरण**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

**११. अनुदान सहयोग पश्चात प्रस्तावित कार्यक्रमको निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।**

**१२. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्**

**प्रस्तावकको**

संस्थाका नाम

संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रूपमा प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

## अनुसूची ४
## प्रस्ताव मूल्याङ्कनका आधारहरू

| सि .नं. | विवरण | प्राप्त हुने अङ्क |
|---|---|---|
| १. | **सुन्तलाजात फलफूल बगैंचाको भौगोलिक उपयुक्तता** | **२५** |
| | (क) सुन्तलाजात फलफूल बगैंचा स्थापना गर्न भौगोलिक अवस्थिति, हावापानी उपयुक्त भएको | २५ |
| | (ख) सुन्तलाजात फलफूल बगैंचा स्थापना गर्न भौगोलिक अवस्थिति, हावापानी उपयुक्त नभएको | ० |
| २. | **सुन्तलाजात फलफुल बगैंचा स्थापना गर्ने स्थानमा आवश्यक पूर्वाधारको उपलब्धता** | **१५** |
| | (क) बाटो, बिजुली, पानीको सुविधा भएको | १५ |
| | (ख) बाटो, बिजुली, पानीको व्यवस्था सम्भव भएको | १० |
| | (ग) बाटो, बिजुली, पानीको पर्याप्त सुविधा नभएको | ० |
| ३. | **सुन्तलाजात फलफुल बगैंचा स्थापना गर्ने स्थानमा जग्गाको स्वामित्व** | **१५** |
| | (क) २ हेक्टर वा सोभन्दा बढी क्षेत्रफलको क्लष्टरमा जग्गाको स्वामित्व आफ्नै नाममा भएको | १५ |
| | (ख) २ हेक्टर वा सोभन्दा बढी क्षेत्रफलको क्लष्टरमा जग्गा १५ वर्ष भन्दा बढीको लागि भाडामा लिएको | १० |
| ४. | **सहभागितात्मक विकास/निर्माणको सम्भावना** | **१५** |
| | क) कृषक/ कृषक समूह/कृषक सहकारीले स्थापना गर्ने | १५ |
| | (ख) कृषक समूह/कृषक सहकारीको सहभागितामा अन्य संस्था/कम्पनीले स्थापना गर्ने | १० |
| | (ग) अन्य संस्था/कम्पनीले स्थापना गर्ने | ५ |
| ५. | **सुन्तलाजात फलफूल बगैंचा नजिक वा आसपासमा सुन्तलाजात फलफूलको सङ्कलन तथा विक्री वितरण हुने सम्भाव्यता रहेको** | **१५** |
| | (क) बगैंचाको २० कि.मी. वरिपरि सङ्कलन केन्द्र, कृषि उपज बजार रहेको | १५ |
| | (ख) बगैंचाको ५० कि.मी. वरिपरि सङ्कलन केन्द्र, कृषि उपज बजार रहेको | १० |
| | (ग) बगैंचाबाट उत्पादित सुन्तलाजात फलफूलको बजार सम्भाव्यता न्यून देखिएको | ५ |
| ६. | **स्थानीय निकाय वा गैंर-सरकारी संस्थाको सहभागिता** | **१५** |
| | (क) स्थानीय निकायको सहभागिता सुनिश्चित भएको | १० |
| | (ख) गैंर-सरकारी संस्थाको सहभागिता सुनिश्चित भएको | ५ |
| | (ग) दुवैको सहभागिता नहुने | ० |
| | **जम्मा** | **१००** |

# अनुसूची ५
## प्रतिबद्धता-पत्र

....................को मिति................. मा प्रकाशित सूचना अनुसार सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापनाका लागि अनुदान सहयोग प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटीमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्षभन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं । इति संवत २०७..........गते .............रोज मा शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति:

संस्थाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची- ६

## सम्झौता-पत्र

१. यो सम्झौता-पत्र ....... (प्रथम पक्ष) र ....... (दोस्रो पक्ष) बीच सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापनाका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ....... दिन-भित्र सुरु गर्नुपर्नेछ ।

४. सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको लागि स्वीकृत अनुदान रकम सम्झौता बमोजिम सम्पूर्ण काम सम्पन्न भएपछि सम्पूर्ण रकम एकमुष्ठ उपलब्ध गराउनेछ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम ३.० (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा प्रयोग गर्नेछ ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा छनौट तथा मूल्याङ्कन समिति सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा छनौट तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा छनौट तथा मूल्याङ्कन समितिले मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ....... दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

८. सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचाको अनिवार्य रूपमा बिमा गर्नुपर्नेछ।

९. सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना भएपश्चात स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनुपर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सञ्चालन गरेपश्चात सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी सुन्तलाजात फलफूल बालीमा उच्च घनत्त्व बगैंचा स्थापना गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनघनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षबाट लिनुपर्नेछ ।

| | |
|---|---|
| .............................. | .................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पद: | पद : |

<u>साक्षीहरू</u>

## अनुसूची ७

### अनुदानमा सञ्चालन हुने मुख्य-मुख्य कार्यक्रम तथा प्रक्रिया

| सि.नं. | कार्यक्रम | क्रियाकलाप | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | माटो व्यवस्थापन | मलखाद, सुक्ष्मतत्व आदि सामग्रीमा अनुदान | ७० प्रतिशत |
| २ | बगैंचा बिस्तार गर्न नयाँ बिरुवा रोपण | बडउड सर्टिफिकेसन प्रविधि अपनाइ तयार गरिएको गुणस्तरीय बिरुवा | ७० प्रतिशत अनुदान ढुवानी सहितको मूल्यमा |
| ३ | बाली संरक्षण | माटो, बीउ, बिरुवा उपचार गर्ने विषादी निलोतुथो, चुना आदि | ७० प्रतिशत |
| ४ | कृषि औजार उपकरण | सिकेचर, आरी, स्प्रेयर आदि लगायतका उत्पादन तथा बगैंचा व्यवस्थापनका सामग्रीहरू | ७० प्रतिशत |
| ५ | माटो परीक्षण | सरकारी मान्यता प्राप्त माटो परीक्षण प्रयोगशालामा माटो जाँच गरेबापत खर्च हुने राजस्व रकम | ७० प्रतिशत |
| ६ | सिँचाइ | प्लाष्टिक पोखरी/सिमेन्टेड पोखरी/पोंडलाइनर प्रयोग गरी निर्माण गरिने पोखरी/सिँचाइ पाइप/थोपा सिँचाइ/सिँचाइ कुलो निर्माण | ७० प्रतिशत |

*नोटः आवश्यकता अनुसार प्रस्तावकले अन्य कार्यक्रम पनि थप गर्न सक्नेछ । थपिएका कार्यक्रमहरूमा औचित्यताका आधारमा उत्पादन क्रियाकलापहरूमा ७० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।*